प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्(CTEVT)

# कोशी प्रदेश कार्यालय

इटहरी,सुनसरी,नेपाल।

श्री रोजगार शाखा / सूचना अधिकारी

यो सूचना यस कार्यालयको web site मा upload गरिदिनु होला।

पत्र संख्या:

चलानी नं:

मिति

## सीप परीक्षण (SKILL TEST ) को आवेदन आव्हान सम्बन्धी सूचना

(राष्ट्रिय सीप परीक्षण समिति बाट सूचना प्रकाशित मिति :२०८२/०८/१२)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यावसायगत सीप प्रमाणिका अनुसार NSTB/NVQS नियमित तर्फ सहुलियत शुल्कमा संचालन हुने पूर्व सिकाईको मान्यतामा आधारित सीप परीक्षणमा सहभागी हुन चाहने स्वदेशमै रोजगार तथा वैदेशिक रोजगारीबाट फर्केका अनुभवी नेपाली नागरिकहरुले तपसिलको व्यावसाय र तहमा यस प्रदेश कार्यालयमा आई आवेदन फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.स. | व्यावसाय | तह | क्र.स. | व्यावसाय | तह |
|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 5 | Commis III | 1 |
| 2 | Early Childhood Development Facilitator | 1 | 6 | Commis II | 2 |
| 3 | Mobile Phone Repair Technician | 1 | 7 | Barber | 1 |
| 4 | Mobile Phone Repair Technician | 2 | | | |

**सीप परीक्षण शुल्क**

| तह | नियमित शुल्क ( रु.) | सहुलियत शुल्क ( रु.)<br>(महिला, दलित, जनजाती र अपांग ) |
|---|---|---|
| १ | ५०० | ४०० |
| २ | १२०० | ७०० |

**आवेदन फारामका साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

1. नागरिकताको फोटोकपी

२. पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्(CTEVT)

# कोशी प्रदेश कार्यालय

ईटहरी,सुनसरी,नेपाल।

पत्र संख्या: मिति

चलानी नं:

३. तालीम वा अनुभवको प्रमाणपत्र (तालीम प्रमाणपत्रको हकमा CTEVT का अंगिक, साझेदारी तथा सम्बन्धन प्राप्त पेशा व्यावसायको सम्बन्धित शिक्षण संस्थाबाट जारी भएको तथा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागले प्रदान गरेको कम्तिमा १ वर्ष पहिलाको प्रमाणपत्रको प्रतिलिपि मात्र) र अनुभवको हकमा नेपाल सरकार, सरकारी वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता PAN वा VAT नम्बर प्राप्त निजि रोजगारदाता संस्था/उद्योग व्यावसायीले सम्बन्धित पेशा/व्यावसायमा काम गरेको वा गरिरहेको स्पस्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ | १६ वर्ष उमेर पछिको अनुभव मात्र मान्य हुनेछ ।

- ✓ तह १ को लागि सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायको तालीम सहित ६ महिनाको कार्य अनुभव भएको |
- ✓ तह २ को लागि सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको, वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको |

४. सहुलियत बर्गमा महिला बाहेक अन्य बर्गको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेश गर्नुपर्नेछ |

**<u>फाराम पाउने र बुझाउने स्थान</u> : CTEVT कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी**

**<u>फाराम बुझाउने अन्तिम मिति</u> :२०८२/०९/११ गते कार्यालय समय भित्र |**

**थप जानकारीका लागि फोन नं . ०२५५८७०१९ , मोबाइल नं ९८५२०८८९९५ मा सम्पर्क गर्नु हुन अनुरोध छ |**

**निर्देशक**